सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २९१ ♦ २०८२ साल जेष्ठ २२ गते विहिवार ♦ 5 June 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जातीय भेदभाव र छुवाछुत अन्त्यका लागि सबैको साझा प्रतिबद्धता आवश्यक : मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २१ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले समाजमा गहिरो रूपमा जरा गाडेर बसेका जातीय भेदभाव र छुवाछुतजस्ता अमानवीय प्रथाको अन्त्य आजको आवश्यकता भएको बताएका छन् ।

भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस-२०८२ का अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले यस्ता सामाजिक कुप्रथाले सामाजिक न्याय र समावेशी विकासलाई गम्भीर असर पारेको उल्लेख गरेका छन् ।

मुख्यमन्त्री सिंहले समाजमा समानता, समावेशिता र मानव अधिकारको सम्मान कायम राख्न राज्यका हरेक संयन्त्र, राजनीतिक दल र नागरिक समाज एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले भने, 'सदियौँदेखि थिचोमिचोमा पारिएका समुदायहरूलाई सम्मान र समान अवसर दिलाउन अब लड्नुपर्ने बेला आएको छ ।'

उनका अनुसार प्रदेश सरकारले छुवाछुत र जातीय विभेदको अन्त्यका लागि नीति, कार्यक्रम र सचेतनामूलक अभियानलाई प्राथमिकता दिएको छ । उनले संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको रक्षा र प्रवर्द्धनमा राज्यको भूमिका अझ जिम्मेवार र उत्तरदायी हुनुपर्ने धारणा पनि व्यक्त गरे ।

यस वर्ष विभिन्न संघसंस्थाहरूले छुवाछुतविरुद्ध विविध चेतनामूलक कार्यक्रमहरू आयोजना गर्दै दिवस मनाइरहेका छन् ।

## मधेस प्रदेशका तत्कालीन अर्थमन्त्री लगायत विरुद्ध सर्वोच्च पुग्यो अख्तियार

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २१ गते, बर्दिवास**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्प विष संकलन तथा प्रशोधन केन्द्र स्थापनाका लागि विनियोजित सरकारी रकम दुरुपयोग प्रकरणमा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

आयोगले मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजय कुमार र सर्लाही जिल्लाको लालबन्दी नगर पालिकाका तत्कालीन नगर प्रमुख मान बहादुर खड्का लगायतलाई प्रतिवादी बनाउँदै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश परि योजनाअनुसार नेपाल सरकार



र प्रदेश सरकारको लागत साझेदारीमा सर्प विष संकलन, प्रशोधन तथा उत्पादन केन्द्र निर्माणका लागि सरकारी रकम विनियोजन गरिएको थियो। तर , झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालू नामक गैरसरकारी संस्थारकम्पनीलाई लागत साझेदारी शून्य हुँदा पनि सरकारी रकम उपलब्ध गराइएको पाइएपछि आयोगले यो कार्य प्रचलित कानुन विपरीत भएको ठहर गर्दै मुद्दा दायर गरेको हो।

आयोगका अनुसार विशेष अदालत, काठमाडौंले २०८१ साल असार २५ गते उक्त मुद्दामा आंशिक सफाइ दिएपछि आयोगले बुधबार सो फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

आयोगले प्रतिवादीहरूमाथि कैद, जरिवाना तथा दुरुपयोग भएको रकम असुल उपर गरिनुपर्ने माग गरेको छ।

## 'अब आउने बजेटमा महिला सशक्तिकरणका लागि विशेष बजेटको व्यवस्था हुने'



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २१ गते, बर्दिवास**

मधेस प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले प्रदेश सरकार महिला सशक्तिकरण, उद्यमशीलता प्रवर्द्धन र समग्र विकासमा केन्द्रित नीति तथा कार्यक्रम ल्याउने तयारीमा रहेको बताएका छन् ।

जनकपुरधाममा बुधबार आयोजित तरकारी तथा बाख्रा क्षेत्रमा संवेदनशील मूल्य श्रृंखला प्रमाणीकरण कार्यक्रममा उनले महिलालाई लक्षित योजनाहरूलाई आगामी बजेटमा विशेष प्राथमिकता दिइने जानकारी दिए। "अब महिलालाई अघि ल्याउने, सक्षम बनाउने र उनीहरूको सहभागिता सुनिश्चित गर्ने समय आएको छ," उनले भने।

मधेसमा कृषिको प्रचुर सम्भावना रहेको उल्लेख गर्दै मन्त्री जयसवालले महिलालाई कृषि, लघु उद्यम, सीप विकास र स्वर ोजगारमुखी कार्यक्रमहरूमा सहभागी गराउने तयारी भइरहेको बताए।

नेपालमा विद्यमान ३३ प्रतिशत महिला आरक्षणलाई मधेस प्रदेशले ५० प्रतिशतमा पुऱ्याएको उल्लेख गर्दै उनले यसलाई ऐतिहासिक कदम भने।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ र अन्तरर ाष्ट्रिय श्रम संगठन (क्षीइ) नेपालबीच "सशक्त महिला, समृद्ध नेपाल (भ्धएल)" कार्यक्रमको दोस्रो चरण संचालन गर्न ६ महिनाको सम्झौता भएको जानकारी गराइएको थियो ।

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेशका अस्पतालहरूमा एनएचपिसीको निगरानी

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २१ गते, बर्दिवास**

स्वास्थ्य सेवा नागरिकको मौलिक हक हो भन्ने संवैधानिक मान्यतालाई कुल्चँदै मधेश प्रदेशका धेरै अस्पताल, क्लिनिक र प्रयोगशालाहरू नियमविपरीत सञ्चालनमा रहेका भेटिएपछि नेपाल स्वास्थ्य व्यवसायी परिषद (एनएचपिसी) कडाइका साथ मैदानमा उत्रिएको छ ।

परिषदका अध्यक्ष डा. सुबोध शर्माको नेतृत्वमा ६ जना विशेषज्ञसहितको टोलीले महोत्तरी जिल्लाका जलेश्वर र बर्दिवासमा स्वास्थ्य संस्थाहरूको निरीक्षण गर्दा गम्भीर लापरवाही र कानुनी उल्लंघन भेटिएको हो ।

परिषदको टोलीमा रहेका विषय विज्ञ डा. राजन लाभका अनुसार जाँच गरिएको कुनै पनि अस्पताल, क्लिनिक वा प्रयोगशाला ऐन, नियमावली र परिषदको मापदण्डअनुसार सञ्चालनमा थिएनन् । 'केही संस्थाहरू बिना दर्ता सञ्चालनमा छन् भने कतै दक्ष जनशक्ति नै छैन,' डा. लाभले भने, 'स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा यस्तो लापरवाही आपराधिक हो ।'



यसअघि प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले पनि स्वास्थ्य क्षेत्रको अनियमितता देखेर केही अस्पतालमा ताल्चा लगाएका थिए भने केहीलाई सुधारका लागि निर्देशन दिएका थिए । तर, परिषदको हालको निरीक्षणले देखाएको अवस्था अनुसार सुधारको नाममा खासै प्रगति भएको देखिएन ।

एनएचपिसीले दर्ताविहीन र कानुनविपरीत सञ्चालनमा रहेका संस्थामाथि कारबाही प्रक्रिया अघि बढाउने जनाएको छ । प्रमुख जिल्ला अधिकारीमार्फत स्थानीय तहमा कारबाहीको सिफारिश गर्ने र आवश्यकता अनुसार केन्द्र सरकारलाई पनि कारबाहीका लागि आग्रह गर्ने परिषदको योजना छ ।

महोत्तरीबाट सुरु गरिएको यो अभियान अब मधेशका अन्य जिल्लामा पनि गरिने छ । परिषदले प्रदेशभरि स्वास्थ्य संस्थाको गुणस्तर, कानुनी संरचना र जनशक्ति व्यवस्थापनको अध्ययन गरी आवश्यक सुधार र कारबाहीको नीति अघि बढाउने जनाएको छ ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, नेपाल



## खाना पकाउने ग्यौँस (एल.पी. ग्यौँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्यौँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यौँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यौँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

### ग्यौँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यौँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यौँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरु जस्तै ग्यौँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्यौँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यौँस विक्रेता अथवा ग्यौँस उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
टेकु, काठमाडौं नेपाल
फोन नं. : ०१ ५३६४९७५, ५३६४९७४



## मानव बेचबिखनजन्य कार्यहरु

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारबाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, नेपाल


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# संसदीय छानबिन समिति नबन्दा जसपाको अवरोध, मधेश प्रदेशसभा बैठक स्थगित

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २१ गते, बर्दिवास**

मधेश प्रदेशसभाको पाँचौं अधिवेशनको पहिलो बैठक बुधबार संसदीय छानबिन समिति गठनको मागमा अडान राख्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले अवरुद्ध गरेपछि स्थगित भएको छ। सभामुख रामचन्द्र मण्डलको अध्यक्षतामा बसेको बैठकमा जसपा सांसदहरूले विरोध जनाएपछि बैठक बिहीबार दिउँसो १ बजेसम्मका लागि स्थगन गरिएको हो।

बैठकमा जसपाका प्रमुख सचेतक रामअशिष यादवले चौथो अधिवेशनको २२औं बैठकमा सभामुखले संसदीय छानबिन समिति गठन गर्ने घोषणा गरेको भन्दै त्यसको कार्यान्वयन नहुनुलाई गैरजिम्मेवार र सदनप्रति अपमानजनक भने। उनले सर्वदलीय सहमतिअनुसार विपक्षी दलले प्रतिनिधिका नामसमेत दिएको अवस्थामा सत्तापक्षले नाम नदिएर प्रक्रिया नै अड्काएको आरोप लगाए। उनले भने, 'सरकारद्वारा हुने गडबडी, अनियमितता र आर्थिक अनुशासनको उल्लंघनमाथि छानबिन गर्नु प्रदेशसभाको दायित्व हो। सत्तापक्षको ढिलासुस्तीबाट सरकार उत्तर दायी नरहेको प्रष्ट हुन्छ।'

बैठकको प्रारम्भमै सभामुख मण्डलले विवाद समाधान गर्न औपचारिक-अनौपचारिक छलफल अघि बढाए पनि सहमति जुट्न सकेन। छलफल निष्कर्षमा पुग्न नसकेपछि बैठक स्थगनको घोषणा गरिएको हो। जसपाले संसदीय छानबिन समिति गठन नभएसम्म प्रदेशसभा सुचारु हुन नदिने अडान राखेको छ। प्रमुख सचेतक यादवका अनुसार भ्रष्टाचार र अपारदर्शितामा संलग्न व्यक्तिको बचाउ गर्न सरकार समितिबाट भागिरहेको छ।



प्रदेशसभामा नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तयारी भइरहेका बेला उत्पन्न अवरोधले मधेश सरकारको कार्यतालिका प्रभावित भएको छ। यदि विवाद चाँडै समाधान भएन भने बजेट निर्माण र कार्यक्रम कार्यान्वयनमा समेत ढिलाइ हुने देखिएको छ।

## विश्व वातावरण दिवस.............

खतरा पुर्‍याई रहेको हुन्छ। प्लास्टिकका कणहरुले त्यसता किराहरुको खुवाई, प्रजन्न र गतिशिलतामा अवरोध पुर्याउँदछ जसले गर्दा डिकम्पोजिँग प्रकृया नै ढिलो हुन गई माटोको गुणस्तर कमजोर हुने गर्दछ।

### डिकम्पोजिँग किरा र पारिस्थितिकिय स्वास्थ्य

माटोमा डिकम्पोजिँग किराहरुको कमिले श्रृंखलावद्ध प्रभावहरु देखिने गर्दछ जसले समग्र पारिस्थितिकिय प्रणालीलाई नै प्रभावित पारी रहेको हुन्छ। माटोमा कुहिन नसकेका जैविक पदार्थहरुको संचिति बढ्नु, माटोको उर्वराशक्तिमा ह्रास आउनु, ट्रफिक नेटवर्कमा आउने विग्रहका कारण जैविक विविधतामा ह्रास आउनु जसता प्रभावहरु देखिन्छन्। अतः डिकम्पोजिँग किराहरुको भुमिकालाई मध्यनजर गर्दै विश्वव्यापी जैविक विविधताको संरक्षण मार्फत पारिस्थितिकिय तन्त्रहरुको स्वास्थ्यको लागि प्लास्टिक प्रदुषण नियन्त्रण गर्नु आजको आवश्यकता हो।

## 'अब आउने बजेटमा....

सम्झौताअनुसार जनकपुर धाममा कृषि मूल्य शृंखला मूल्यांकनको आवासीय कार्यशाला आयोजना गरिनेछ, जसमा प्रदेश सरकारको प्रतिनिधि सहभागी हुने अनुरोध गरिएको छ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेसका अध्यक्ष अशोक तेमानी, उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, सचिव चुडामणि फुयाल, डिवि वस्नेत, सुरेन्द्र भण्डारीलगायतको उपस्थिति थियो।


**कृषि उत्पादन बढाऔं।**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह-सुझाव लिऊँ,

**कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।**

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
जनकपुरधाम, नेपाल

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो। त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं। वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं।**

मधेस पदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, नेपाल

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

***सार्वजनिक स्थलमा धुम्रपान नगरौं सभ्य नागरीकको परिचय दिऔं।***

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा

***नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं। कर तिर्नु सभ्य नागरिकको पहिचान हो। समयमै कर चुक्ता गरौं।***

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

**मधेस प्रदेशको सहरी क्षेत्रमा घर टहरा निर्माण गर्दा नगरपालिकाको माप दण्ड अनुसार निर्माण कार्य गरौं। मापदण्ड विपरीत घर टहरा निर्माण नगरौं तथा नगरको सौन्दर्यतालाई जोगाउन अघि बढौं।**

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
जनकपुरधाम, नेपाल

नदी सार्वजनिक सम्पती हो। नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो। नहर सफा राख्नु सबैको दायित्व हो। नहरको जमिन अतिक्रमण गर्नु हुँदैन। सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो। नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं। नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ। नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो।

मधेश प्रदेश सरकार
ऊर्जा,सिँचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, नेपाल

**बालबालिकाप्रति असल व्यवहार गरौं**

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय
जनकपुरधाम, नेपाल

# विश्व वातावरण दिवस र प्लास्टिक प्रदुषणको नियन्त्रण



बेचन कुमार महतो
bechan.mahato@ymail.com
९८५४०३०९४८



विश्व वातावरण दिवस हरेक वर्ष ५ जुनमा मनाईन्छ र यसलाई संयुक्त राष्ट्र वातावरण कार्यक्रम (यूनेप) द्वारा प्रोत्साहित गरिन्छ। सन् १९७३ देखि यस दिवसलाई विश्वव्यापी रुपमा एक महत्वपुर्ण वार्षिकोत्सवको रुपमा मनाईदै आएको छ । यस दिवसले वर्तमान समयमा सवै भन्दा सम्वेदनशिल वातावरणीय चुनौतीहरुको बारेमा ज्ञान बढाउनमा एक विश्वव्यापी मेगाफोनको रुपमा कार्य गर्दै आएको छ। प्रत्येक वर्ष कुनै देशले यो दिवस मनाउनको लागि होस्टको भुमिका निर्वाह गर्ने गर्दछ । होस्ट कन्ट्रीले वातावरणीय क्षेत्रको सवालहरुको सम्वोधन हेतु उच्च प्रभावकारी पहलहरुको कार्यान्वयनको लागि समन्वय गर्ने गर्दछ। २०२५ मा होस्ट कन्ट्रीको भुमिकामा गणतान्त्रिक मुलुक कोरिया रहेको छ। प्लास्टिक फोहर विरुद्धको लडाईमा विकास गरिएका उन्नत र प्रभावकारी रणनीतिहरु मार्फत वातावरणीय सुरक्षा र स्थिरताको लागि जनाएको प्रतिवद्धताको कारण २०२५ मा कोरियाले यस दिवसको होस्ट गरि रहेको हो । विश्व वातावरण दिवसको सवैमा शुभकामना ।

## विश्व वातावरण दिवस २०२५ को थिम

विश्व वातावरण दिवस २०२५ को थिम ूद्घभबत एबिकतष्अ एर्यागितष्यलू अर्थात प्लाष्टिकजन्य प्रदुषणलाई पराजित गर्ने वा न्यूनीकरण गर्ने हो। प्लास्टिकजन्य फोहरलाई विश्वव्यापी रुपमा समाप्त गर्ने विषय एकदम स्पष्ट छ। यो विषय केवल समुद्र वा वाटर वडीमा देखिने फोहर सँग मात्र सम्वन्धित छैन, मुख्यरुपमा माटो, पानी, खाद्य वस्तु तथा जैविक प्राणीको शरीरमा रहेको हाम्रो आँखाले देख्न नसक्ने साना प्लास्टिक (माईक्रो प्लास्टिक) सँग सम्वन्धित छ। यूनेपको अनुसार माईक्रोप्लास्टिकले पृथ्वीमा (१) वातावरणीय संकट, (२) प्रकृति र जैविक विविधता ह्रास सम्वन्धी संकट तथा (३) प्लास्टिक र फोहर सम्वन्धी संकट जस्ता अन्तर सम्वन्धित संकटहरुलाई बढावा दिएको छ । अतः प्लास्टिकजन्य प्रदुषणको समस्यालाई सम्वोधन गर्नु समग्र पृथ्वीको स्वास्थ्यको लागि आवश्यक भएको छ ।

## जैविक विविधता र प्लास्टिकः एक अदृष्य (तर घातक) कडी

जव हामी प्लास्टिकको कुरा गर्दछौ, तब हामी नदी तथा वाटर वडीमा फालिएका वोतलहरु वा समुद्रमा प्लास्टिकमा बेरिएका कछुवाहरुको कल्पना गर्दछौ । तर प्लास्टिकले कीटहरु, माहुरी, माटो, विरुवाहरु र सूक्ष्मजीवहरुमा पनि प्रभाव पारेको हुन्छ । मल्चिगँ र सिंचाईका लागि प्रयोग गरिएका कृषी प्लास्टिकले माटोमा माइक्रोप्लास्टिकको उत्सर्जन गर्दछ जसले यसको उर्वरतालाई परिवर्तन गरि रहेको हुन्छ र सम्पुर्ण खाद्य चेनलाई नै विकृत वनाउदै गएको हुन्छ। यसतो विषाक्त माटोमा पदार्थ चक्र र माटो स्वास्थ्यको लागि महत्वपुर्ण मानिएको डिकम्पोजिँग किराहरुको कमि हुन गई माटोको उर्वरा शक्ति नै कमजोर हुँदै गएको अवस्था छ । कीट र परागणकर्ताहरुको कमिले डोमिनो प्रभाव पर्ने गर्दछ । चरा, उभयचर र अन्य जनावारहरुको लागि अपर्याप्त खाद्य उपलब्धता, विरुवाहरुको लागि कम संख्यामा परागणकर्ताहरु, कम संख्यामा विउ उत्पादन र जैविक विविधतामा आउने ह्रास डोमिनो प्रभावका केहि उदाहरणहरु हुन ।

## डिकम्पोजिँग किराहरुको आधारभुत भुमिका

डिकम्पोजिँग किराहरु जस्तै सुक्ष्म जिवाणु, विटल, कमिला, गड्यौला र केहि उडने प्रजातीका किराहरुले पारिस्थितिकीय प्रणालीको सन्तुलनमा महत्वपुर्ण भुमिका खेलि रहेको हुन्छ । यसता किराहरुले निर्जिव जैविक समाग्रीहरुलाई आवश्यक पोषणमा रुपान्तरण गरी माटोको संरचनामा सुधार ल्याई उर्वरा शक्तिलाई बढाउने गर्दछ। विरुवाको पात, डाँठ, जनावरका अंश र अन्य जैविक पदार्थहरुलाई सडाउने (डिकम्पोज) गर्दछ । ह्यूमस निर्माणलाई बढावा दिदै माटोमा पानी र पोषण तत्व धारण क्षमतालाई सुधार गर्दछ । विरुवाको वृद्धि र समग्र जैविक विविधतालाई संतुलन गरेको हुन्छ। तर माटोमा प्लास्टिकको प्रदुषणले यसता डिकम्पोजिँग किराहरुको जिवन्ततालाई नै

*बाँकी पृष्ठ ३ मा*


# औलो (मलेरिया) बाट बच्ने उपाय

औलोबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु एकदमै आवश्यक छ। त्यसैले लामखुट्टेको टोकाइबाट बच्न र लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं:

**लामखुट्टेको टोकाइबाट जोगिने उपाय**

- झुल टाँगेर सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- सकेसम्म जति बेला पनि लामो बाहुला भएको लुगा लगाउने
- लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्ने
- लामखुट्टे सक्रिय हुने समयमा विशेष गरी बिहान र साँझपख सावधानी अपनाउने

**लामखुट्टे नियन्त्रण गर्ने उपाय**

- घर वरिपरि, कार्यालय, विद्यालयमा टायर, खुला भाँडा आदिमा पानी जम्मा हुन नदिने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- गमलाको प्लेट, फुलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ। समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ। यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौं, वन जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तको असर न्यनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा बैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,